नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड
NERUDE MIRMIRE LAGHUBITTA BITTIYA SANSTHA LIMITED
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)

पत्र संख्या : २०८३/०८४
चलानी नं. : क.स./००९

मिति : २०८३/०४/१७

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड, युएनआई शान्तीमार्ग, काठमाडौं
श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर
श्री कम्पनी रजिष्ट्रार कार्यालय, त्रिपुरेश्वर, काठमाडौं
श्री सिडिएस एण्ड क्लियरिङ लि., पुतलिसडक, काठमाडौं
श्री नेपाल एसबिआई मर्चेन्ट बैंकिङ लि. कमलादी, काठमाडौं

विषयः **उन्नाइसौं वार्षिक साधारण सभाको निर्णय पुस्तिका प्रेषित गरिएको सम्बन्धमा ।**

महोदय,
नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेडको सञ्चालक समितिको निर्णयानुसार आह्वान गरिएको उन्नाइसौं वार्षिक साधारण सभा मिति २०८३ साल असार ३२ गते गणपूरक संख्या नपुगेका कारण स्थगित भई, पुनः सूचना प्रकाशित गरी मिति २०८३ साल श्रावण १० गते सम्पन्न भएको व्यहोरा अनुरोध छ ।

उक्त वार्षिक साधारण सभाबाट सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदनसहितका वित्तीय विवरणहरू, बाह्य लेखापरीक्षक नियुक्ति, सञ्चालक अनुमोदन, हकप्रद शेयर जारी गर्ने प्रस्ताव, प्रबन्धपत्र तथा नियमावली संशोधन सम्बन्धी प्रस्ताव तथा अन्य आवश्यक प्रस्तावहरू प्रचलित कानून तथा संस्थाको नियमावली बमोजिम पारित भएका छन् ।

तसर्थ, वार्षिक साधारण सभा सम्पन्न भएको जानकारीका लागि उक्त सभाको निर्णय पुस्तिकाको प्रमाणित प्रतिलिपि यसै साथ संलग्न गरी प्रेषित गरिएको व्यहोरा अनुरोध छ ।

**संलग्नः**
१. उन्नाइसौं वार्षिक साधारण सभाको निर्णय पुस्तिका (प्रमाणित प्रतिलिपि) - १

भवदीय,

(राजेश श्रेष्ठ)
कम्पनी सचिव
नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड

# नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड

को

# उन्नाइसौं बार्षिक साधारण सभाको निर्णय पुस्तिका

## (Minutes of the 19th Annual General Meeting)

मिति : २०८३ असार ३२ गते बिहीबार स्थगन (पुन: २०८३/०४/१०)

समय : बिहान ११:०० बजे

स्थान : ह्वाइट प्यालेस ब्याङ्क्वेट, मध्यपुर थिमी-३, भक्तपुर, लोकन्थली


**केन्द्रीय कार्यालयः बनेपा-८, काभ्रेपलान्चोक**

**कर्पोरेट कार्यालयः मध्यपुर थिमी-१, लोकन्थली भक्तपुर**

फोन नं. ०१-५९२८१६१/६२

www.nerudemirmire.com.np

E-mail: info@nerudemirmire.com.np

# नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेडको
## १९ औं बार्षिक साधारण सभाको निर्णय माईन्यूट :

**१. साधारण सभाको आयोजना :**

यस नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेडको संचालक समितिको मिति २०८३/०३/१० गते दिउँसो ४:३० बजे बसेको ३९६ औं बैठकको निर्णय अनुसार प्रचलित कानून तथा वित्तीय संस्थाको प्रवन्धपत्र र नियमावली बमोजिम वित्तीय संस्थाको उन्नाइसौं बार्षिक साधारण सभा संस्थाका अध्यक्ष श्री राजकुमार राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको मिति, समय र स्थानमा साधारण सभा आव्हान गरिएको थियो ।

**२. सभाको मिति, समय र स्थान :**

**मिति** :- २०८३ असार ३२ गते बिहीबार (तद्नुसार १६ जुलाई, २०२६)
**समय** :- बिहान ११:०० बजेदेखि
**स्थान** :- ह्वाइट प्यालेस ब्याङ्क्वेट, मध्यपुर थिमी-३, भक्तपुर, कौशलटार

**३. सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को प्रावधान अनुसार उन्नाइसौं बार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफल हुने बिषयहरु सहितको विवरण खुलाई सभामा उपस्थितका लागि शेयरधनीहरुलाई सूचना पठाउनुको साथै सोही व्यहोराको सूचना प्रथम पटक मिति २०८३ असार ११ गते नेपाल समाचारपत्र राष्ट्रिय दैनिक र दोस्रोपटक मिति २०८३ असार १७ गतेको "आर्थिक अभियान राष्ट्रिय दैनिक" प्रत्रिकामा प्रकाशित गरिएको, संस्थाको वेभसाईटमा राखि साधारण सभाको सूचना कम्पनीका शेयरधनीहरुलाई प्रदान गरिएको थियो । साथै उपलब्ध इमेलहरुमा इमेल मार्फत तथा मोवाइल नम्वरहरुमा एसएमएस मार्फत सूचना प्रदान गरिएको थियो । सूचना गरिए अनुसारले मिति २०८३/०३/३२ गते गणपूरक संख्या नपुगेको कारणले सभा स्थगन भएको जानकारी संस्थाका अध्यक्षले जानकारी गराउनु भएको थियो । मिति २०८३/०३/३२ गते नै संचालक समितिको बैठक बसी मिति २०८३/०४/१० गते पुर्व उल्लेखित प्रस्तावहरु उपर नै छलफल हुने गरी पुनः साधारण सभा बोलाउने निर्णय भए अनुसार मिति २०८३/०४/०१ गते नेपाल समाचार पत्र राष्ट्रिय दैनिक पत्रिकामा पुनः साधारण सभाको सूचना प्रकाशन एवं संस्थाको वेभसाईटमा राखि साधारण सभाको सूचना कम्पनीका शेयरधनीहरुलाई प्रदान गरिएको थियो ।

**४. छलफल तथा निर्णयका लागि निर्धारित विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

१. आर्थिक वर्ष २०८१/०८२ को संचालक समितिको बार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०८१/०८२ को वासलात, नाफा/नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा लेखा सम्बन्धि नीतिहरु सहित सम्वन्धित अनुसूचीहरु माथी छलफल गरी स्वीकृत गर्ने ।
३. लेखा परीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८२/०८३ का लागि बाह्य लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।
४. स्वतन्त्र संचालक नियुक्ति भएको जानकारी गराउने सम्वन्धमा ।
५. संचालक समितिमा प्रतिनिधित्व गर्ने संस्थापक समूहमा रिक्त १ जना संचालक पदमा बाँकी अवधिको लागि संचालक समितिले नियुक्त गरेको संचालक अनुमोदन गर्ने ।

**(ख) विशेष प्रस्तावहरु :**

१. वित्तीय संस्थाको पुँजीबृद्धि योजना अनुसार नियामक निकायको स्वीकृति प्राप्त भएको अवस्थामा मात्र जारी गर्ने गरी प्रचलित कानून तथा व्यवस्थाको अधिनमा रही सन्चालक समितिले प्रस्ताव गरे बमोजिम

तत्काल कायम रहेको चुक्ता पुंजी रु. १,३९,७७,६४,२७२।८८ (अक्षरेपि एक अर्ब उनान्चालीस करोड सतहत्तर लाख चौसठ्ठी हजार दुई सय बहत्तर रुपैया पैसा अठासी मात्र) को १:०.२५ को अनुपातमा रु. ३४,९४,४१,०६८।२२ (अक्षरेपि चौतीस करोड चौरानब्वे लाख एकचालीस हजार अठसाठ्ठी रुपैयाँ पैसा बाईस मात्र) बराबरको प्रति कित्ता रु. १००/- (अक्षरेपि एकसय मात्र) को ३४,९४,४१०.६८ (चौतीस लाख चौरानब्बे हजार चार सय दश दशमलव छ आठ) कित्ता हकप्रद शेयर जारी गर्न स्वीकृति प्रदान गर्ने । साथै उक्त कार्यको लागि सम्बन्धित निकायबाट कुनै फेरबदल वा संशोधन गर्न निर्देशन दिएमा सोही बमोजिम फेरबदल वा संशोधन गर्ने ।

२. संस्थाको प्रबन्धपत्र, नियमावली समसामयिक थप/संशोधन गर्ने ।

३. संस्थाको प्रबन्धपत्र, नियमावली संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायहरुबाट कुनै फेरबदल, थपघट तथा संशोधन गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

४. यस वित्तीय संस्थाले "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई गाभ्ने/गाभिने वा प्राप्ती गर्ने प्रयोजनको लागि उपयुक्त लघुवित्त संस्थाहरु पहिचान गर्ने, समझदारी पत्रमा हस्ताक्षर गर्ने, सोका आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने लगायतका सो सम्बन्धी आवश्यक कार्य अगाडी बढाउन सञ्चालक समिति वा समितिले तोकेको पदाधिकारीलाई अख्तियारी दिने ।

**(ग) विविध ।**

**५. उपस्थिति :**

**(क) कम्पनी ऐन, २०६३ को दफा ६८ अनुसार उपस्थित संचालकहरु :**

| | | |
|---|---|---|
| १. | श्री राजकुमार राई | अध्यक्ष |
| २. | श्री सन्तोष फुयल | संचालक |
| ३. | श्री गणेश प्रसाद आचार्य | संचालक |
| ४. | श्री सन्जु घिमिरे | संचालक |
| ५. | श्री भानु भक्त दवाडी | संचालक |

**(ख) शेयरधनीहरुको उपस्थिति**

| जम्मा बाँडफाँड भएको | | उपस्थिति | | | जम्मा शेयरको प्रतिनिधित्व |
|---|---|---|---|---|---|
| | | | जना | शेयर कित्ता | |
| शेयर संख्या | १३९७७६४२.७२ | स्वयं उपस्थिति | २९७ | २१,२३,५४४ | ५४८८२८९ कित्ता, ३९।२६५ प्रतिशत |
| शेयरधनी | ३८८५५ | प्रतिनिधि (प्रोक्सी) मार्फत उपस्थिति | १८२ | ३३,६४,७४५ | |

**(ग) साधारण सभामा शेयर रजिष्ट्रार कम्पनी नेपाल एसबिआई मचेन्ट बैंकिङका पदाधिकारीहरु सहित संस्थाका पुर्व संचालक, पुर्व कार्यकारी प्रमुखहरु लगायतको समेत उपस्थिती रहेको थियो ।**

**(घ) कर्मचारी एवं अन्य उपस्थितिः** सभामा प्रमुख कार्यकारी अधिकृत, कम्पनी सचिव, कार्यकारी श्रेणी, व्यवस्थापकीय श्रेणी, अधिकृत श्रेणी तथा सहायक श्रेणी लगायतका कर्मचारीहरु एवं सुरक्षाकर्मी, पत्रकारहरु लगायतको उपस्थिती रहेको थियो ।

### ६.सभाको गणपुरक संख्या तथा बैधानिकता :

(क) साधारण सभा संचालन गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) अनुसार बाँडफाँड भएको शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित हुनुपर्ने प्रावधान भए अनुसार कम्पनी ऐन २०६३ को दफा ७३) गणपूरक संख्या अन्तर्गत दफा (२) मा कम्पनीको नियमावलीमा गणपूरक संख्याको लागि बढी संख्या तोकिएकोमा बाहेक पब्लिक कम्पनीको बाँडफाँट भएको कुल शेयर संख्याको पचास प्रतिशतभन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरूमध्ये कम्तीमा तीनजना शेयरधनीहरू स्वयं वा आफ्नो प्रतिनिधि मार्फत उपस्थित नभई सभाको काम कारवाही हुनेछैन । भन्ने व्यवस्था रहेकोमा असार ३२ गते बोलाइएको साधारण सभामा कम्पनीको बाँडफाँड भएको कुल शेयर संख्याको ४१.९५ प्रतिशत मात्र शेयरधनीहरूको उपस्थिति भएको हुँदा उक्त साधारण सभा सभाअध्यक्षले स्थगन गर्नुभएको थियो । त्यसै गरी कम्पनी ऐन, २०६३ को उप दफा (३) मा उपदफा (२) बमोजिमको गणपूरक संख्या पूरा नभएको कारणले सभा हुन नसकी कम्तीमा सात दिनको सूचना दिई अर्कोपटक सभा बोलाउँदा कम्पनीको बाँडफाँड भएको कुल शेयर संख्याको पच्चीस प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कम्तीमा तीनजना शेयरधनीहरू स्वयं वा प्रतिनिधिमार्फत उपस्थित भएमा सभा गर्न बाधा पर्नेछैन । भन्ने व्यवस्था तथा संस्थाको प्रबन्धपत्र नीयमावलीमा समेत सोही व्यवस्था रहेको हुँदा स्वयं उपस्थिति २९७ जनाको र प्रोक्सी मार्फत १८२ जनाको गरी जम्मा ५४,८८,२८९ कित्ता, ३९.२६५ प्रतिशत शेयरको प्रतिनिधित्व सहितको उपस्थिति रहेको थियो ।

(ख) तत्पश्चात कम्पनी ऐन २०६३ को दफा ७४ को उपदफा (१) को व्यवस्था बमोजिम उन्नाइसौं वार्षिक साधारण सभाको अध्यक्षता संचालक समितिका अध्यक्ष श्री राजकुमार राईले गर्नुभयो ।

### ७. सभाको अध्यक्षता र सभा संचालन :

कम्पनी ऐन, २०६३ को दफा ७४ बमोजिम साधारणसभाको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्नुपर्ने व्यवस्था भए बमोजिम सञ्चालक समितिका अध्यक्ष श्री राजकुमार राईले सभाको अध्यक्षता गर्नुभयो । साथै अन्य सञ्चालककहरू र सभामा उपस्थित निवर्तमान सञ्चालककहरु लगायत संस्थापक शेयरधनी, सर्वसाधारण शेयरधनी, अतिथी र कर्मचारीहरुले पनि क्रमशः सभामा आ-आफ्नो आसन ग्रहण गर्नुभयो ।

### ८. स्वागत मन्तव्य :

वित्तीय संस्थाको उन्नाइसौं वार्षिक साधारण सभामा उपस्थित शेयरधनीहरु, आमन्त्रित अतिथिहरुलाई संस्थाको तर्फबाट संचालक श्री सञ्जू घिमिरेले स्वागत मन्तव्यबाट स्वागत गर्नुभयो ।

### ९. बार्षिक साधारण सभाको औपचारिक उद्घाटन :

उन्नाइसौं बार्षिक साधारण सभाको औपचारिक उद्घाटन सभाका अध्यक्ष श्री राजकुमार राईले पानसमा दिप प्रज्वलन सहित उद्घाटन गर्नुभयो । साथै कार्यक्रममा राष्ट्रियगान प्रस्तुत भयो ।

#### १०. बार्षिक प्रतिवेदन प्रस्तुत :

वार्षिक साधारण सभामा उपस्थित शेयरधनीहरु समक्ष संस्थाको वार्षिक प्रतिवेदन पेश गर्न कम्पनी सचिवले अध्यक्षज्यूलाई आग्रह गर्नुभयो । तत्पश्चात संचालक समितिको तर्फबाट अध्यक्ष श्री राजकुमार राईले संस्थाको आर्थिक वर्ष २०८१।०८२ को वार्षिक प्रतिवेदन सभा समक्ष वाचन गरेर प्रस्तुत गर्नुभयो ।

## ११. शेयरधनीहरुको जिज्ञासा, टिप्पणी तथा सुझावहरुः

अध्यक्षको प्रतिवेदन पश्चात कम्पनी सचिवबाट उक्त प्रतिवेदन तथा आर्थिक वर्ष २०८१/०८२ को वार्षिक आर्थिक विवरण, २०८२ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण (वासलात), नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्विटिमा भएको परिवर्तन लगायत लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तीय विवरण उपर जिज्ञासा, टिप्पणी तथा सुझावहरुको लागि शेयरधनीहरुलाई आव्हान गर्नुभयो । शेयरधनीहरुबाट मुख्यतः निष्क्रिय कर्जा व्यवस्थापन, शाखा कार्यालयहरुलाई नाफामुखी बनाउने, लाभांश नीति बनाउने, समयमा नै साधारण सभा सम्पन्न गर्ने, सुशासन, मर्जरलाई चिर्दै जाने, जनशक्ति व्यवस्थापन लगायतका विषयहरु उठाउनुभयो । साधारण सभामा देहायका शेयरधनी महानुभावहरूले संस्थाको वर्तमान अवस्था, भावी रणनीति, पूँजी वृद्धि, मर्जर, सुशासन, निष्क्रिय कर्जा व्यवस्थापन, लाभांश नीति तथा व्यवस्थापन सुधार सम्वन्धी विभिन्न जिज्ञासा, सुझाव तथा धारणा व्यक्त गर्नुभयो ।

१. श्री इन्द्र प्रसाद लामिछाने, अघिल्लो पटक कोरम नपुगेको अवस्थामा कमी कमजोरी भयो की ? मर्जर पश्चात लगानीकर्ताहरुको अपेक्षा ठूलो थियो । यहाँहरु जिम्मेवार बन्नु पर्‍यो । पुर्व संचालक र संस्थापकहरुको असमझदारी भएको हो की ? आगामी दिनमा दुई पटक साधारण सभा बोलाउनु नपर्ने गरी समझदारी कायम होस । मर्जर गर्दा पुर्व तयारी र छलफल पर्‍याप्त रुपमा होस । शेयरधनीहरुलाई लाभांश नियमित रुपमा धेरथोर प्रदान गर्नको लागि लाभांश नीति (Dividend Policy) बनाएर जाँदा राम्रो हुन्छ । अबको दिनमा प्रतिकुल समय र परिस्थितीलाई देखाएर पन्छिने छुट छैन । सफलतापुर्वक डोर्‍याउनुपर्ने अबको जिम्मेवारी संचालकहरु र व्यवस्थापनको हो । आगामी वर्ष समयमा नै साधारण सभा सम्पन्न होस ।

२. भेषराज भण्डारी, यसपटक संस्थाले व्यक्तिगत रुपमा सूचना दिएकोमा यसलाई सकारात्मक रुपमा लिनु पर्दछ । निष्क्रिय कर्जा ३१ प्रतिशत भन्दा माथि पुगेको देखिन्छ । यसलाई व्यवस्थापन गर्नु अहिलेको आवश्यकता हो । साधारण सभा समयमा नहुनु संस्थागत सुशासन कमजोर भएको देखिने कुरा हो । आगामी दिनमा समयमा नै साधारण सभा सम्पन्न होस शुभकामना ।

३. ब्रम्हदेव शाक्य, मर्जर पश्चातको अवस्था हेर्दा चिना नजुराईकन विवाह गरेको जस्तो अवस्था देखियो । निष्क्रिय कर्जा व्यवस्थापनको स्पष्ट मार्गाचित्र हुनुपर्‍यो । गणपुरक संख्या नपुग्नु, प्रमोटर सेयरधनी बीचको मतभेद हो ? मर्जर पछि प्रतिफल खोइ त ? राइट सेयर प्रस्ताव ठिकै छ । फेरि मर्जर प्रस्ताव किन?

४. उद्धव प्रसाद घिमिरे, ब्यालेन्स सिटलाई सकारात्मक बनाउँदै करेक्शन गर्दै लैजानु पर्दछ । साधारण सभाको लागि कोरम पुग्ने नपुग्ने अगाडी नै सुनिश्चित गर्नुपर्छ । बाह्य लेखापरीक्षकले किन ढिला गर्‍यो ? ब्यालेन्स सिट राम्रो छ तर वासलात भित्र धेरै सूचकहरु सुधार गर्न आवश्यक छ.। समयमै कार्यक्रम सुरु गर्दा राम्रो हुने छ. पोर्टफोलियोको चार्ट राख्नुपर्ने थियो प्रतिवेदनमा, पञ्चवर्षीय विवरणसहित, आगामी दिनमा राख्नु होला. ब्यालेन्स सिट हेर्दा अर्को वर्ष पनि लाभांश दिन सक्ने देखिँदैन.। निष्क्रिय कर्जा धेरै भएको छ, यसलाई सुधार गर्नुपर्छ. मुख्य सूचकहरू पनि राखेर प्रतिवेदन तयार पार्नुपर्ने थियो. यो सेयर स्ट्रक्चर एकाउन्न र उनान्पचास भन्ने हो तर त्यो देखिँदैन, किन हो? साबिकको नेरुडेको कर्पोरेट बिल्डिङ, बिराटनगरमा रहेको छ, त्यसको अवस्था र उपयोगको अवस्था के रहेको छ, जानकारी गराउनु. आगामी वर्ष कति लाभांश दिनुहुन्छ?

५. चन्द्र नारायण श्रेष्ठ, रिटर्न अनिङ नकारात्मक छ, खराब कर्जा बढिरहेको छ, क्यापिटल भन्दा पनि इम्पेरिमेन्ट बढि छ । सबै इन्डिकेटरहरू निराशाजनक देखिन्छ । फाइभ इयरको इन्डिकेटर हुनु पर्ने जुन भएको छैन, यो राख्नु होला । २०८३ असार मसान्तको अवस्था के छ त्यो पनि जानकारी गराउनु होला ।

६. सुदीप श्रेष्ठ, मर्जर गर्ने प्रस्ताव राखेकोले संस्था गाभिने हो कि ? शाखा संख्या धेरै भएकोले आधा शाखा नोक्सानीमा रहेको देखिन्छ, यसलाई व्यवस्थापन गर्नुपर्छ । समयमा AGM नहुनु, कोरोम नपुग्नबाट सिस्टममा नचलेको हो कि भन्ने पनि देखिन्छ ।

७. युगल नारायण बसेल, सूचकहरू सुधार गर्दै जानु पर्ने देखिन्छ । EPS नकारात्मक भएको छ, विज्ञापन खर्च के के कुरामा भएको छ ? खर्चमा कोभिड रिलेटेड शीर्षक पनि रहेको छ, कोभिड सकिएको धेरै भयो, यो के हो ? पेनाल्टी के को हो, जानकारी गराउनु होला । अन्य खर्च भनेको के हो ? यो खुलाउनु होला । सञ्चालकको बैठक धेरै पटक बसियो कि ? ग्राफ चार्ट पनि प्रतिवेदनमा राख्नु होला ।

८. गोविन्द कुमार के.सी., सञ्चालकहरूको खिचातानी विगतदेखि नै देखिरहेको छ, यो हुनु भएन । सञ्चालकहरूले तुष राखेर बसेर राम्रो हुँदैन । मुहार सफा भए अरू श्रोत सफा हुन्छ । आगामी दिनमा एनपीएल कहाँसम्म पुर्याउने भन्ने कुरा स्पष्ट हुनुपर्छ । यसमा बोर्डको भिजन के छ ? रिकभरीमा फोकस हुनु पर्छ । अबको दिनमा भूकम्प, कोविड, आर्थिक मन्दी भन्न पाइएन । बजारमा विभिन्न संस्थाहरू कसरी सफल तरिकाले चलिरहेको छ त्यो पनि हेर्नुपर्छ । आउँदो समयमा आगामी वर्षहरूमा रिजल्ट राम्रो चाहिएको छ । रिकभरी एक्सन प्लान तयार पारेर अगाडि बढ्नुपर्ने छ ।

९. निरुपमा गुप्ता, कम्पनीको फाइनान्सियल इन्डिकेटर ओरालोमा छ, कर्जा प्रवाह अपेक्षा अनुसार हुन सकेको देखिँदैन । NPL बढेको छ । कहिलेसम्म लगानीकर्ताले हेरेर मात्रै बस्ने हो ? राइट सेयरको प्रस्ताव ल्याउनु भएको छ, यो स्वागतयोग्य छ । बढेको NPL नियन्त्रण गर्न के कसो उपाय लगाइराख्नुभएको छ ? संस्थाको लाभ नाफा र समुदाय बिच सन्तुलन राख्ने रणनीति के छ ? र कर्जा लगानी अघि वित्तीय साक्षरता दिनुपर्यो सदस्यहरूलाई, डिजिटल वित्तीय प्रणालीमा आवद्ध गराउन आवश्यक छ ।

१०. डमरू वल्लभ घिमिरे, मर्जर भनेको संस्कृतमा मर अनि जा, मर्न जा भन्या जस्तो भएको छ यो संस्था । यसलाई सुधार गरेर राम्रो बनाउँदै लानुपर्यो । संस्थापक तथा संचालकहरु बिचमा थप समन्वय आवश्यक देखिन्छ । बाहिरबाट असहयोग गर्नु भएन, यसलाई विचार गर्नुपर्यो ।

११. विजय कुमार रन्जित, भक्तपुरमा एजिएम गरेकोमा धन्यवाद, सेयरधनीहरूलाई पायक परेको छ, आगामी दिनमा अझ राम्रो गर्दै जानु होला ।

१२. शत्रुघ्न श्रेष्ठ, मर्जर गर्नु राम्रो देखिएको छैन, फेरि प्रस्ताव आएको छ, विचार गर्ने हो कि ? एनपिएल बढेको छ, एजिएममा कोरम नपुगेकोले खर्च मात्रै भएको छ, आगामी दिनमा प्रोक्सी समयमा नै कलेक्सन होस् ।

१३. रूपेश पोखरेल, सेयरको मूल्यमा यति धेरै गिरावट किन आएको होला ? सञ्चालक संस्थापकहरू बिच मनमुटाव देखिन्छ । सेयरधनी बिच असमान व्यवहार देखिएको हो कि ? कर्मचारीको सुविधा धेरै भएकोले काम नभएको हो कि ?

१४. कृती कमल जोशी, रिकभरीमा जोड दिनुपर्ने छ । राइट सेयरको सही युटिलाइजेसन होस्, बिषम परिस्थितिमा पनि कम्पनीलाई जोगाएर राखेकोमा बोर्ड र सिइओलाई धन्यवाद पनि छ । आगामी दिनमा अझै राम्रो गर्दै जानु होला, सबैको साथ रहनेछ ।

१५. डा. विजय प्रकाश सैंजु, इन्टरनल फ्याक्टरले गर्दा यो संस्थाले प्रगति गर्न सकेन । एनपिएल म्यानेज गर्नुपर्ने देखिन्छ । यसलाई सुधार गर्दै जानुपर्ने अवस्था छ । राम्रो कामको लागि सबैको साथ रहनेछ ।

यो युनियनको गतिविधिले गर्दा समस्या जुन देखिएको छ, यसलाई कन्ट्रोल गरेर अगाडि बढ्न सकेमा संस्था राम्रो हुँदै जान्छ, नमुनाको बन्दै जान्छ । खर्च नियन्त्रणमा विशेष ध्यान दिन आवश्यक देखिन्छ ।

१६. पुरुषोत्तम प्रसाद शर्मा, कार्यकारी तहका कर्मचारीहरु धेरै रहेको देखिन्छ, । कार्यकारी तहमा कर्मचारी संरचनाको पुनरावलोकन आवश्यक देखिन्छ । मर्जरको कारणले ओभर स्टाफ भएको हुँदा, यो मौकामा कार्यकारीहरुलाई पनि फिल्डमा पठाउने टार्गेट दिनुपर्ने होला, आवश्यकता अनुसार फिल्डमा परिचालन गर्ने व्यवस्था गर्न सकिन्छ ।

१७. कुमार याक्सो, संस्थाको वित्तीय सूचकहरू सन्तोषजनक देखिंदैन । संस्थापक सञ्चालकहरू नै राष्ट्र बैंकसँग पौंठेजोरी गरेको देखिन्छ । संस्थाको कारोबार नियमित सञ्चालन हुनु पर्ने, मर्जर पछि सात आठ महिना कारोबार बन्द भएकोले शाखा घाटामा गयो । यसलाई गम्भीरतापूर्वक हेरिनुपर्छ । साधारण सभा गर्न कोरोम नपुऱ्याउने (असफल पार्ने) सम्मको कार्य भएको छ । यसले संस्थामा सुशासन नभएको देखिन्छ । संस्थापक बिच घात अन्तरघात नगरौं, सबै मिलेर अगाडि बढौं । संस्थागत हितलाई केन्द्रमा राखी कार्य गरौं ।

१८. श्रृजना श्रेष्ठ, विगतमा पचास प्रतिशतभन्दा बढी निष्क्रिय कर्जा भएको अवस्थामा पनि मिलेर काम गर्दा संस्थाले राम्रो प्रगति भएको उदाहरण हामीसँगै छ । बाहिर रहेका प्रमोटरहरूलाई पनि समेटेर मिलेर काम गर्नु पर्ने देखिन्छ । कर्मचारीहरूलाई सेवा सुविधा पनि दिउँ र काम पनि लिऊँ । सबै मिलेर गयौं भने नसकिने केही छैन । कर्मचारीहरु पनि प्रतिवद्ध हुनु पर्छ ।

१९. कुल प्रसाद खरेल, संस्थालाई असहयोग गर्ने प्रमोटर वा जो कोही होस्, सेयरधनीहरूले प्रश्न गर्नुपर्छ । संस्थाको प्रगतिको अवस्था अझै पनि सन्तोषजनक देखिंदैन । तिन वर्षदेखि डिभिडेन्ड नपाएको प्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । कर्मचारी व्यवस्थापनमा ध्यान दिनु पर्छ ।

२०. मन बाहिङ राई, विवादका विषय भए आपसमा छलफल गरी समाधान गर्दै जानुपर्छ न कि बाहिर छताछुल्ल पार्ने हो । शेयरधनीहरु अझै पनि पूँजी थप गर्न तयार छन्, तर प्रतिफल चाहिं कहिले पाउने हो ? अर्को वर्ष डिभिडेन्ड अवश्य चाहियो । साधारण सभा गणपूरक नपुगेर स्थगित हुने कुरा सामान्य हो । नियमअनुसारले अगाडि हुँदै बढ्दै जान्छ । घरभित्रको समस्या घरभित्रबाटै समाधान गर्नुपर्छ । आगामी दिनमा सबै मिलेर मजबूत संस्था वनाउँदै जाउँ । विभिन्न ठाउँमा अनावश्यक तरिकाले उजुरीहरू गएको देखिन्छ । सही कुरामा उजुरी गर्नुपनि पर्छ, बि गुड, डु गुड भन्ने जस्तै, तर अनावश्यक तरिकाले हचुवाको तालमा आफ्नै संस्थालाई असर पार्ने गरी क्रियाकलापहरू हुनु भएन । संचालकहरु अब्बल हुनुहुन्छ, अब नतिजा दिनुपर्छ ।

साथै केही शेयरधनीहरुबाट लिखित रुपमा समेत सुझाव एवं टिप्पणीहरु प्रदान गर्नुभएको थियो ।

## १२. शेयरधनीहरुको जिज्ञासा, टिप्पणी तथा सुझावहरुको प्रत्युत्तरः

आदरणीय शेयरधनीहरुबाट प्राप्त जिज्ञासा, टिप्पणी तथा सुझावहरु माथि अध्यक्ष श्री राजकुमार राईको आदेश अनुसार प्रमुख कार्यकारी अधिकृत श्री केशव कुमार पौडेलले शेयरधनीहरुवाट उठाइएका जिज्ञासा तथा सुझावहरु उपर बुँदागत जवाफ तथा स्पष्टिकरण पेश गर्नुभयो । प्रमुख कार्यकारी अधिकृतबाट प्रत्युत्तर जवाफ पेश भएपछि अरु थप प्रत्युत्तर स्पष्टिकरण जरुरी नभएको व्यहोरा सभावाट आएपछि अध्यक्षज्यूको आदेश अनुसार कम्पनी सचिवले प्रस्तावहरु निर्णयको लागि सभा समक्ष पेश गर्नुभयो ।

**१३. वार्षिक साधारण सभाका प्रस्ताव उपर निर्णयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

१. आर्थिक वर्ष २०८१/०८२ को संचालक समितिको बार्षिक प्रतिवेदन पारित गर्ने ।

**निर्णयः** सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री राज कुमार राईले प्रस्तुत गर्नु भएको आ.व. २०८१/०८२ को बार्षिक प्रतिवेदन पारित गर्ने प्रस्ताव सर्वसम्मत रुपमा पारित गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०८१/०८२ को वासलात, नाफा/नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा लेखा सम्बन्धि नीतिहरु सहित सम्बन्धित अनुसूचीहरु माथी छलफल गरी स्वीकृत गर्ने ।

**निर्णयः** लेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०८१/०८२ को नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण तथा लेखा सम्बन्धि नीतिहरु सहित सम्बन्धित अनुसूचीहरु माथि छलफल गरी पारित गर्ने प्रस्ताव सर्वसम्मत रुपमा पारित गरियो ।

३. लेखा परीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८२/०८३ का लागि बाह्य लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।

**निर्णयः** बैंक तथा वित्तीय संस्था ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक बर्ष २०८२/०८३ को लागि बाह्य लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा लेखापरीक्षण समितिको सिफारिसमा संचालक समिति मार्फत सभामा पेश भएको प्रस्ताव माथि छलफल उपरान्त किर्तिपुर-१, काठमाडौं स्थित M .Tiwari & Associates का एफ सि.ए. मुरलिधर तिवारीलाई आगामी आर्थिक वर्षको लागि रु. १०,००,०००।- (अक्षरुपी दश लाख मात्र) दैनिक यातायात, भ्रमण भत्ता सहित भुक्तानी हुने गरी वैधानिक लेखापरीक्षण, कर लेखापरीक्षण र अन्य नियमनकारी निकायमा पेश गर्नु पर्ने विवरणहरुको प्रमाणिकरण समेत गर्न आर्थिक वर्ष २०८२/८३ को बाह्य लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक तोक्ने प्रस्ताव सर्वसम्मत रुपमा पारित गरियो ।

४. स्वतन्त्र संचालक नियुक्ति भएको जानकारी गराउने सम्वन्धमा ।

**निर्णयः** कम्पनी ऐन को दफा ८६ एवं बैंक तथा वित्तीय संस्था ऐन, २०७३ को दफा १४ को उपदफा (३) बमोजिम संचालक समितिको मिति २०८२ असार २० गते बसेको ३७१ औं बैठकले काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १०, नयाँबानेश्वर, बस्ने श्री भानु भक्त दवाडीलाई आगामी ४ वर्ष अवधिको लागि स्वतन्त्र संचालक पदमा नियुक्त गर्ने निर्णय गरिएको व्यहोरा सभामा जानकारी गराइयो ।

५. संचालक समितिमा प्रतिनिधित्व गर्ने संस्थापक समूहमा रिक्त १ जना संचालक पदमा बाँकी अवधिको लागि संचालक समितिले नियुक्त गरेको संचालक अनुमोदन गर्ने ।

**निर्णयः** संस्थामा संस्थापक शेयरधनीहरु तर्फबाट प्रतिनिधित्व गर्ने संचालकहरु मध्ये १ जना रिक्त रहेकोमा संचालक समितिको मिति २०८३/०२/१८ गते बसेको ३९२ औं बैठकले कम्पनी ऐन २०६३ को विनियम ८७ को (२), बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन, २०७३ को विनियम १४ को (ख) र संस्थाको नियमावलीको नियम ८ को (४) बमोजिम संचालकको रिक्त पदमा काठमाडौं-९, बत्तिसपुतली, अरनिको मार्ग निवासी श्री गणेश प्रसाद आचार्यलाई उक्त रिक्त पदमा यस वार्षिक साधारण सभाबाट अनुमोदन गर्ने गरी बाँकी कार्यकाल सम्मको लागि संचालक पदमा नियुक्त गर्ने निर्णयलाई अनुमोदन गर्ने प्रस्ताव सर्वसम्मत रुपमा पारित गरियो ।

**(ख) विशेष प्रस्तावहरु :**

१. वित्तीय संस्थाको पुँजीबृद्धि योजना अनुसार नियामक निकायको स्वीकृति प्राप्त भएको अवस्थामा मात्र जारी गर्ने गरी प्रचलित कानून तथा व्यवस्थाको अधिनमा रही सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम

तत्काल कायम रहेको चुक्ता पुँजी रु. १,३९,७७,६४,२७२।८८ (अक्षरेपि एक अर्ब उनान्चालीस करोड सतहत्तर लाख चौसठ्ठी हजार दुई सय बहत्तर रुपैंया पैसा अठासी मात्र) को १:०.२५ को अनुपातमा रु. ३४,९४,४१,०६८।२२ (अक्षरेपि चौंतीस करोड चौरानव्वे लाख एकचालीस हजार अठसाठ्ठी रुपैयाँ पैसा बाईस मात्र) बराबरको प्रति कित्ता रु. १००/- (अक्षरेपि एकसय मात्र) को ३४,९४,४१०.६८ (चौंतीस लाख चौरानब्बे हजार चार सय दश दशमलव छ आठ) कित्ता हकप्रद शेयर जारी गर्न स्वीकृति प्रदान गर्ने । साथै उक्त कार्यको लागि सम्बन्धित निकायबाट कुनै फेरबदल वा संशोधन गर्न निर्देशन दिएमा सोही बमोजिम फेरबदल वा संशोधन गर्ने ।

**निर्णयः** सभामा प्रस्तुत उपरोक्त प्रस्तावमाथि छलफल उपरान्त नियामक निकायहरूको आवश्यक स्वीकृति प्राप्त भएको अवस्थामा मात्र जारी गर्ने गरी, प्रचलित कानून तथा विद्यमान नियामकीय व्यवस्थाको अधीनमा रही, हाल कायम रहेको चुक्ता पुँजी रू. १,३९,७७,६४,२७२।८८ (अक्षरेपी एक अर्ब उनान्चालीस करोड सतहत्तर लाख चौसट्ठी हजार दुई सय बहत्तर रुपैयाँ पैसा अठासी मात्र) को १:०.२५ को अनुपातमा रू. ३४,९४,४१,०६८।२२ (अक्षरेपी चौंतीस करोड चौरानव्वे लाख एकचालीस हजार अठसट्ठी रुपैयाँ पैसा बाइस मात्र) बराबरको, प्रति कित्ता अंकित मूल्य रु. १००/- का दरले ३४,९४,४१०.६८ कित्ता हकप्रद शेयर (Rights Share) जारी गर्ने प्रस्ताव सर्वसम्मत रुपमा पारित गरियो ।

साथै, उक्त हकप्रद शेयर निष्कासनको क्रममा नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड (SEBON), नेपाल स्टक एक्सचेन्ज लिमिटेड (NEPSE), कम्पनी रजिस्ट्रारको कार्यालय तथा अन्य सम्बन्धित नियामकीय निकायहरूबाट कुनै संशोधन, परिमार्जन, थपघट वा निर्देशन प्राप्त भएमा सोही बमोजिम आवश्यक संशोधन, परिमार्जन तथा कार्यान्वयन गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने निर्णय गरियो ।

यसका अतिरिक्त हकप्रद शेयर निष्कासनसँग सम्बन्धित आवश्यक प्रक्रिया अगाडि बढाउने, आवश्यक परामर्शदाता, निष्कासन तथा बिक्री प्रबन्धक, नियामकीय निकायहरूमा आवेदन तथा पत्राचार गर्ने, आवश्यक कागजात तयार गर्ने, हस्ताक्षर गर्ने तथा यससँग सम्बन्धित सम्पूर्ण कानूनी तथा प्रशासनिक कार्य सम्पन्न गर्न सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको अधिकारीलाई आवश्यक अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

हकप्रद शेयरको अन्तिम संख्या, रकम तथा निष्कासनसँग सम्बन्धित अन्य विवरण नियामकीय स्वीकृति, बुक क्लोजको मिति तथा कायम शेयरधनी अभिलेखअनुसार आवश्यक समायोजन गरी निर्धारण गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

२. संस्थाको प्रबन्धपत्र, नियमावली समसामयिक थप/संशोधन गर्ने ।

**निर्णयः** संस्थाको स्वीकृत, जारी तथा चुक्ता पुँजीमा हुने परिवर्तन, हकप्रद शेयर निष्कासन तथा समसामयिक कानूनी एवं नियामकीय व्यवस्थासँग अनुरूप बनाउन संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन, परिमार्जन, थपघट वा खारेजी गर्ने प्रस्ताव सर्वसम्मत रुपमा पारित गरियो ।

३. संस्थाको प्रबन्धपत्र, नियमावली संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायहरुबाट कुनै फेरबदल, थपघट तथा संशोधन गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

**निर्णयः** सभामा प्रस्तुत विशेष प्रस्तावमाथि छलफल उपरान्त संस्थाको प्रबन्धपत्र तथा नियमावली संशोधन सम्बन्धी प्रस्तावलाई नेपाल राष्ट्र बैंक, कम्पनी रजिस्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड तथा अन्य सम्बन्धित नियामकीय निकायहरूबाट स्वीकृत गराउने क्रममा कुनै फेरबदल, थपघट, संशोधन वा परिमार्जन गर्न निर्देशन वा सुझाव प्राप्त भएमा, साधारण सभाबाट स्वीकृत प्रस्तावको मूल मर्म र उद्देश्यमा प्रतिकूल असर नपर्ने गरी त्यस्तो निर्देशन वा सुझाव बमोजिम आवश्यक संशोधन, परिमार्जन

तथा मिलान गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने प्रस्ताव सर्वसम्मत रुपमा पारित गरियो ।

४. यस वित्तीय संस्थाले "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई गाभ्ने/गाभिने वा प्राप्ती गर्ने प्रयोजनको लागि उपयुक्त लघुवित्त संस्थाहरु पहिचान गर्ने, समझदारी पत्रमा हस्ताक्षर गर्ने, सोका आधारमा सैद्धान्तिक स्वीकृतीका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने लगायतका सो सम्बन्धी आवश्यक कार्य अगाडी बढाउन सञ्चालक समिति वा समितिले तोकेको पदाधिकारीलाई अख्तियारी दिने ।

**निर्णयः** सभामा प्रस्तुत विशेष प्रस्तावमाथि छलफल उपरान्त यस वित्तीय संस्थाको दीर्घकालीन संस्थागत विकास, वित्तीय सुदृढीकरण तथा व्यवसायिक विस्तारको उद्देश्यले प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशनको अधीनमा रही "घ" वर्गको इजाजतपत्रप्राप्त उपयुक्त लघुवित्त वित्तीय संस्थाहरूको पहिचान गर्ने, आवश्यक अध्ययन तथा समुचित मूल्याङ्कन (Due Diligence) गर्ने, समझदारीपत्र (Memorandum of Understanding - MoU) मा हस्ताक्षर गर्ने, सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकसमक्ष निवेदन दिने तथा गाभ्ने/गाभिने (Merger) वा प्राप्ति (Acquisition) सम्बन्धी आवश्यक प्रारम्भिक प्रक्रिया अगाडि बढाउन सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मत रुपमा पारित गरियो ।

**(ग) विविध ।**

कम्पनी ऐन २०७३ को दफा ७७ (२) बमोजिम विविध शिर्षकमा छलफल गर्ने कुनै पनि प्रस्ताव दर्ता नभएकोले कम्पनी ऐनको व्यवस्था भए बमोजिम साधारण सभाको निर्णय पुस्तिका अध्यक्ष र कम्पनी सचिवले प्रमाणित गरी सम्बन्धित निकायमा पठाउने व्यहोरा सभालाई जानकारी गराइयो ।

**१४. धन्यवाद ज्ञापन :**

छलफलको लागि निर्धारित प्रस्तावहरु माथि सभाले निर्णय गर्ने कार्य सकिएकोले अध्यक्षले उन्नाइसौं वार्षिक साधारण सभामा सहभागी शेयरधनीहरु, संचालकहरु, पर्यवेक्षक प्रतिनिधि, शुभेच्छुक तथा वित्तीय संस्थाको साधारण सभालाई सफल पार्न प्रत्यक्ष एवम् अप्रत्यक्ष रुपमा सहयोग गर्नु हुने नियमनकारी निकायहरु, समस्त ग्राहक सदस्यहरु, कर्मचारीहरु लगायतलाई वहाँहरुले आआफ्नो तर्फबाट दिनु भएको योगदानको लागि हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

अन्त्यमा, सभामा प्रस्तुत सम्पूर्ण प्रस्तावहरू आवश्यक छलफल पश्चात् निर्णय गरी उन्नाइसौं वार्षिक साधारण सभाको कार्यसूची सम्पन्न भएको घोषणा गर्दै सभाध्यक्षबाट दिउँसो ०२:३० बजे सभाको समापन भएको घोषणा गरियो ।

..............................
(राजेश श्रेष्ठ)
कम्पनी सचिव

..............................
(राजकुमार राई)
अध्यक्ष

सभा सम्पन्न मिति : (२०८३ साल श्रावण १० गते आइतबार (तदनुसार जुलाई २६, २०२६)